# ट्रेकिङ एजेन्सीज् एसोशिएसन अफ नेपाल (टान)
# र
# अखिल नेपाल पर्यटन मजदुर संघ र नेपाल ट्रेकिङ्ग, ट्राभल्स, राफ्टिङ्ग तथा एयरलाईन्स मजदुर संघ बीच भएको

# सम्झौता पत्र

अखिल नेपाल पर्यटन मजदुर संघले मिति २०६६ श्रावण १८ गते र नेपाल ट्रेकिङ्ग, ट्राभल्स, राफ्टिङ्ग, एअरलाइन्स मजदुर संघले मिति २०६६ भाद्र २३ गते (यसपछि "मजदुर यूनियनहरु" भनिएको छ) ले विगत लामो समयदेखि ट्रेकिङ एजेन्सीज् एसोशिएसन अफ नेपाल (यसपछि टान भनिएको छ) समक्ष पेश गरेका विभिन्न मागहरुको सम्बन्धमा टान र मजदुर युनियनका प्रतिनिधिहरु बीच विभिन्न चरणमा भएको वार्ता तथा छलफल भई अखिल नेपाल पर्यटन मजदुर संघसँग मिति २०६६ आश्विन २५ गते अल्पकालिन समभ्फदारी र मिति २०६६ चैत्र १० गते मंगलबारका दिन नेपाल सरकार पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, श्रम तथा यातायात मन्त्रालय, नेपाल पर्यटन बोर्ड र उद्योग बाणिज्य महासंघका प्रतिनिधिहरु समेतको उपस्थितिमा भएको संयुक्त वार्ताबाट प्रेषित मागहरुको सम्बन्धमा विस्तृत छलफल भई तपसिलका बुँदाहरुमा सहमती भएकोले पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, श्रम तथा यातायात मन्त्रालय, नेपाल पर्यटन बोर्ड र उद्योग बाणिज्य महासंघका प्रतिनिधिहरुको रोहवरमा टान र मजदुर युनियनहरुका प्रतिनिधिहरुले यो सम्झौतामा हस्ताक्षर गरी एक/एक प्रति बुझी लियौं/दियौं । यस सम्झौतामा सहमती भएका कुराहरु टानबाट सम्पूर्ण ट्रेकिङ्ग कम्पनीहरुलाई आवश्यक कायार्थ परिपत्र गरिनेछ ।

**<u>सहमतीका बुँदाहरु :</u>**

१. विद्यमान अवस्थामा ट्रेकिङ्ग एजेन्सिहरुमा कार्यरत् कामदार मजदुरहरुलाई टान र अखिल नेपाल पर्यटन मजदुर संघ मिति २०६४ असोज १४ गते भएको पूर्ववत् सहमति अनुरुप नियुक्ति पत्र दिने व्यवस्था गर्ने सहमति भयो ।

२. पदयात्री सूचना व्यवस्थापन प्रणाली संचालन निर्देशिका, २०६४ मा नेपाल सरकार (म.प.) को मिति २०६६ मंसिर २३ गतेको निर्णयले गरेको पहिलो संशोधनले टानले माग गर्दै आएको पदयात्रा सूचना व्यवस्थापन प्रणालीलाई एकद्वार अवधारणा अनुरुप लागू गरिनु पर्छ भन्ने मागलाई सम्बोधन गरी नेपाल पर्यटन बोर्ड मार्फत टानले नयाँ प्रारुप अनुसार लागू गर्नको लागि नेपाल पर्यटन बोर्ड र टान बीच दुई पक्षीय सहमतिमा हस्ताक्षर भई नयाँ प्रणालीको टिआईएमएस कार्ड आगामी २०६६ चैत्र १९ गतेबाट लागू हुने भएको हुँदा सो वापत प्राप्त हुने एक तिहाई रकम मध्येबाट मजदुर युनियनहरुको मागमा उल्लेख भएको तपसिल बमोजिमको बुँदाहरु कार्यान्वयन गर्ने सहमति भयो ।

२.१. टानको सदस्य कम्पनीहरुमा काम गर्ने कामदार मजदुरहरुलाई पदयात्रा पर्यटनमा कामदार भई जाँदाको अवस्थामा हुन सक्ने आकस्मिक दुर्घटना तथा भवितव्यबाट हुने जोखिमलाई मध्यनजर गरी उनीहरुको पनि पर्यटक सरह खोज तथा उद्धार गर्नको लागि बीमाको निर्दिष्ट शर्तको आधारमा खोज तथा उद्धार बीमाको व्यवस्था गरिनेछ ।

२.२ जोखिमपूर्ण क्षेत्रमा कार्य गर्दा हुन सक्ने दुर्घटना तथा भवितव्यको कारणले गरिनु पर्ने आवश्यक औषधोपचारको लागि टानका सदस्य कम्पनीहरुमा कार्यरत कामदार मजदुरहरुको लागि बीमाको निर्दिष्ट शर्तको आधारमा रु. २,५०,०००।- (अक्षरेपी दुईलाख पचास हजार मात्र)को औषधोपचार बीमाको व्यवस्था गरिने छ ।

२.३ पदयात्रा पर्यटन कार्यमा संलग्न हुने हरेक कामदार मजदुरहरुको लागि बीमाको निर्दिष्ट शर्तहरुको अधिनमा रही कम्तिमा रु. ५,००,०००।- (अक्षरेपी पाँच लाख मात्र) को सामुहिक दुर्घटना बीमाको व्यवस्था गरिने छ ।

२.४ मजदुरहरुको सामाजिक सुरक्षाको पक्षलाई मध्यनजर गरी मजदुर कल्याणकारी कोषको स्थापना गरिने छ। साथै यो कोष संचालनकोलागि नेपाल सरकार पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको प्रतिनिधि, व्यवसायीहरुको तर्फबाट टानको प्रतिनिधि र मान्यता प्राप्त सबै पर्यटन मजदुर युनियनहरुको प्रतिनिधि सहितको कार्यदल बनाई कल्याणकारी कोष संचालन कार्यविधि तयार गरिनेछ । यस्तो कार्यविधि मन्त्रालयको स्वीकृति पछि कार्यान्वयन गरिनेछ।

२.५ पदयात्रा पर्यटन क्षेत्रको अवस्थितिलाई मध्यनजर गरी मजदुरहरुको लागि हाललाई सोलुखुम्बुको लुक्लामा एक हजार जोर कपडा सहित मजदुर कपडा बैंकको स्थापना गरी तत्काल संचालनमा ल्याइने छ। यो कपडा बैंक संचालनकोलागि टानको प्रतिनिधि मान्यता प्राप्त सबै मजदुर युनियनका प्रतिनिधिहरु र स्थानीय निकायका र स्थानीय सरोकारवालाको प्रतिनिधि सहितको संचालक समिति र संचालन कार्यविधि नियमावली बनाइनेछ। यस्ता कपडा बैंकहरु आवश्यकता र माग अनुसार अन्य पदयात्रा क्षेत्रहरुमा पनि विस्तार गरिंदै लगिने छ।

२.६ पदयात्रा पर्यटन क्षेत्रमा मजदुरहरुको बासस्थानको सवालमा देखा परेको विद्यमान समस्यालाई मध्येनजर गरी क्षेत्रगत आवश्यकता अनुसार कामदार मजदुरहरुकोलागि क्षेत्रगत रुपमा मजदुर आवास गृहको निर्माण कार्य थालिनेछ।

३. बुंदा नं. २.१, २.२, २.३ को कार्यान्वयनको लागि सम्बन्धित निकायबाट सोको लागि भुक्तानी गर्नुपर्ने रकमको दररेटमा समन्वय गरी टिआईएमएसबाट प्राप्त हुने रकमको प्रयाप्ततालाई समेत मुल्याङ्कन गरी सन् २०१० मे १ तारिखदेखि कार्यान्वयन गरिनेछ।

४. बुंदा नं २ ले कामदार मजदुरहरुको लागि व्यवस्था गरेको सेवा सुविधा व्यवस्थापन तथा कार्यान्वयनको लागि टानको नेतृत्वमा मान्यता प्राप्त मजदुर युनियनका प्रतिनिधिहरु र अन्य सरोकारवालाहरुको प्रतिनिधि सहितको एक छुट्टै उपसमिति निर्माण गरिनेछ।

५. टानले नयां प्रारुप अनुसार लागू गरिने टिआईएमएसमा मजदुरहरुको हक, हित र सुरक्षा तथा पदयात्रा पर्यटन क्षेत्रमा विद्यमान गैर कानूनी संचालन र गैर जिम्मेवारीपनालाई समेत मध्येनजर गरी व्यक्तिगतरुपमा पदयात्रा पर्यटनमा जाने पदयात्रीहरुले कामदार मजदुरलाई लिएर जान दुरुस्साहन गर्दै कम्पनीहरुबाट जाने पदयात्रा पर्यटन कार्यमा पथ प्रदर्शक र मजदुर अनिवार्य गरिने छ।

६. नेपालमा पर्वतिय पदयात्रा लगायत पर्यटनको विविध गतिविधिहरु विगत लामो समयदेखि संचालन हुँदै आइरहेको भए तापनि यसले हालसम्म उद्योगको रुपमा पहिचान नपाइरहेको अवस्थामा पदयात्रा पर्यटन व्यवसायलाई उद्योगकोरुपमा पहिचान दिलाउन र उद्योगकोरुपमा प्राप्त गरिनु पर्ने सेवा सुविधाहरुको बारेमा बहस चलाउँदै आगामी दिनमा कम्पनीहरुको तर्फबाट कामदार मजदुरहरुले पाउनु पर्ने बोनस लगायतका सुविधाहरुको सम्बन्धमा सम्बन्धित निकायमा कार्यान्वयनको लागि पहल गरिने छ।

७. अग्ला अग्ला हिमाल आरोहणमा संलग्न हुने नेपाली आरोहीहरुको समेत विदेशी आरोही सरह प्रचार प्रसारको लागि सम्बन्धित ट्रेकिङ्ग कम्पनी, नेपाल सरकार र अन्य सम्बन्धित निकायहरुलाई कार्यान्वयनको लागि आवश्यक पहल गरिने छ।

८. पदयात्रा तथा हिमाल आरोहणमा कार्यरत् कामदार मजदुरहरुको लागि उनीहरुको स्तर र अवधिसमेत स्पष्ट खुलाई परिचय-पत्र दिने व्यवस्था गरिने छ।

९. पदयात्रा क्षेत्रमा पर्ने होटल तथा लजहरुमा कामदार मजदुरहरुको लागि सहुलियत दरमा खाने र बस्नेको व्यवस्था मिलाउन स्थानीय स्तरमा होटल तथा लजहरुको, स्थानीय निकाय र अन्य सरोकारवालाहरु, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, नेपाल पर्यटन बोर्ड, सम्बन्धित राष्ट्रिय निकुन्ज कार्यालय, मध्यवर्ती क्षेत्र कार्यालय, संरक्षित क्षेत्र कार्यालय लगायत पर्यटनसँग सम्बन्धित स्थानीय स्तरका अन्य संघ संस्था र मजदुर युनियनहरुका प्रतिनिधिहरु सहितको समन्वय र सहकार्यमा आवश्यक कार्य थालनी गरिने छ। यसकोलागि पर्यटन तथा

नागरिक उड्डयन मन्त्रालय, नेपाल पर्यटन बोर्ड, स्थानीय सरकारी निकाय तथा व्यवसायी, टान र मजदुर युनियनको प्रतिनिधि समेत समावेस भएको एक उच्चस्तरीय कार्यदल निर्माण गरी स्थानीय स्तरमा मूल्य निर्धारण तथा नियन्त्रणको लागि तत्काल अध्ययन, अनुसन्धान पश्चात प्रतिवेदन तयार गरी उपयुक्त निकासको लागि सम्बन्धित निकाय मार्फत कार्यान्वयन पहल गरिनेछ ।

१०. ट्रेकिङ्ग कम्पनीहरुमा कार्यरत कामदार मजदुरहरुको समयानुकुल कार्यदक्षता अभिबृद्धि गर्दै पर्यटकहरुलाई गुणस्तरीय सेवा प्रवाहको प्रत्याभूत गरिनु पर्ने र भविष्यमा क्षेत्रगत रुपमा पदयात्रा पर्यटन व्यवसाय विस्तारको लागि आवश्यक पर्नसक्ने गुणस्तरीय कामदारहरुको उत्पादन र विकासलाई मध्यनजर गरी आगामी दिनमा पदयात्रा पर्यटन क्षेत्र संग सम्बन्धि विभिन्न विषयमा क्षमता अभिबृद्धिका विभिन्न तालिमहरु मागअनुसार चरणबद्धरुपमा केन्द्र र स्थानीय स्तरमा संचालन गर्दै लगिने छ । यसको लागि मान्यता प्राप्त मजदुर यूनियनहरुसँग आवश्यक समन्वय गरिने छ ।

११. पदयात्रा पर्यटनमा कार्यरत सबै स्तर र तहका कामदार मजदुरहरुको दैनिक ज्यालामा अखिल नेपाल पर्यटन मजदुर संघसँग मिति २०६६ आश्विन २५ गते भएको सम्झौतामा टि हाउस/लज ट्रेकको हकमा सबै कामदार मजदुरहरको ज्यालामा रु. १५० र क्याम्पिङ्ग ट्रेकको हकमा सहयोगी कामदारबाहेकलाई रु. १०० बृद्धि भएकोमा हाल सबै पदयात्रा पर्यटन क्षेत्रमा हालसम्म बृद्धि भई खाईपाई आएको दैनिक ज्याला दरमा रु. १०० (अक्षरेपी एक सय मात्र) थप गर्ने सहमति भयो । यो ज्याला बृद्धि सम्पूर्ण पदयात्रा क्षेत्रमा आगामी अप्रिल १, २०१० तदनुसार चैत्र १९, २०६६ बाट लागू हुनेछ ।

१२. पदयात्रा पर्यटन तथा हिमाल अरोहण क्षेत्रमा कार्यरत कामदार मजदुरहरुको जोखिमपूर्ण कार्यको सम्वेदनसिलता, यस व्यवसायको मौसमी प्रकृति, यस व्यवसाय राष्ट्रको आर्थिक मेरुदण्डको एक हिस्सा रहँदा रहँदै पनि उद्योगको रुपमा स्वीकार नगरेको अवस्थामा यस क्षेत्रमा काम गर्ने कामदार मजदुरहरुको सवालमा पनि राज्यस्तरबाट ऐन कानूनमा कुनै पनि व्याख्या विश्लेषण र परिभाषा नगरेको स्पष्ट छ । यस्तो परिस्थितिले व्यवसायी र मजदुरहरुको बीचमा ज्याला निर्धारण र सेवा सुविधा थपको सवाललाई लिएर समयसमयमा बहस, वादविवाद र द्वन्द्व भइरहेको स्पष्ट छ । आगामी दिनमा पर्यटन मजदुरहरुको अवस्थालाई राज्य स्तरबाट ऐन कानूनमा नै व्याख्या, विश्लेषण र परिभाषित गरी स्तर र तह अनुसारको न्यूनतम ज्याला दर तोकिनु पर्ने कुरामा सहमती भयो । सरकार (पर्यटन र श्रम), नेपाल पर्यटन बोर्ड र नेपाल उद्योग बाणिज्य महासंघको प्रतिनिधिहरुको रोहबरमा सम्पन्न यो संयुक्त वार्ताले भविष्यमा पर्यटन मजदुरहरुको सरकारी स्तरबाट नै न्यूनतम ज्यालादर तोकिनको लागि विद्यमान ज्याला भुक्तानीमा आवश्यक अध्ययन अनुसन्धान तथ्याङ्क संकलन सम्बन्धित सरोकारवालाहरुसंग आवश्यक परामर्श क्षेत्रगत अध्ययन र अनुगमन गरी जिम्मेवार पर्यटन (Responsible Tourism) को अवधारणा अनुरुप स्वच्छ ज्याला (fair wages) सिफारिस गर्नकोलागि नेपाल सरकारको सम्बन्धित मन्त्रालयहरुको प्रतिनिधि, व्यवसायीको तर्फबाट टानको प्रतिनिधि, नेपाल पर्यटन बोर्ड, नेपाल उद्याग बाणिज्य महासंघ तथा मान्यता प्राप्त मजदुर युनियनहरुको प्रतिनिधि समेत रहेको एक उच्चस्तरीय कार्यदल निर्माण गरी यस सम्बन्धि आवश्यक सम्पूर्ण कार्य मिति २०६७ श्रावण मसान्त भित्र सम्पादन गरिसक्ने सहमति भयो । यस कार्यको लागि पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय (पर्यटन उद्योग महाशाखा) सँग समन्वयकोलागि अनुरोध गर्ने समेत सहमति भयो ।

१३. ट्रेकिङ्ग कम्पनीहरुको तर्फबाट वर्तमान अवस्थामा नियमित मजदुरहरु (गाईड, कुक आदि) को लागि उपलब्ध हुंदै आएको चाडवाड खर्च वापतको सुविधालाई अझ व्यवस्थित गर्न यसै मौसम देखि न्यूनतम रु.५,३०० (अक्षरेपी पांचहजार तीन सय मात्र) तय गर्ने सहमति भयो । यस्ता चाडबाड खर्च बर्षको एक पटक मात्र प्राप्त हुनेछ ।

१४. पर्यटन व्यवसायी र यससंग आवद्ध कामदार मजदुरहरु एकअर्काका परिपुरक भएको पक्षलाई मध्यनजर गरी आगामी दिनमा व्यवसायीहरु र मजदुरहरुले पनि उत्तिकै जिम्मेवार ढंगबाट आ-आफ्नो पेशाको कार्य गर्नु पर्ने कुरालाई मनन् गरी क्षेत्रगत रुपमा काम गर्ने कामदार मजदुरहरुबाट हुने गैह्र जिम्मेवारीपन, कम्पनीको व्यवसाय संचालनमै आघात पुग्ने गैह्रव्यावसायिक गतिविधिहरु, गलत आचरण लगायत मजदुरहरुको बीचमा सेवा तथा सुविधा वितरणमा मजदुरहरुबाटै एक अर्कामा हुने विभेदीकरण र गैह्रअनुसाशित क्रियाकलापलाई रोक्नु पर्ने कुरामा समेत सबै पक्ष सहमत भयो । यसको अनुगमन सबै पक्षले संयुक्त एवं आ-आफ्नो पक्षबाट गर्ने सहमती भयो ।

१५. यस समझदारी पत्रमा हस्ताक्षर भए पश्चात सबै मजदुर युनियनहरुको तर्फबाट घोषणा भएका संघर्षका कार्यक्रमहरु बन्द गरी फिर्ता लिने सहमति भयो ।

१६. यस समझदारी पत्रमा उल्लेख भएका बुँदाहरु हामी सबै पक्षले पढी जाँची, आफ्नो स्वविवेकले विना करकाप आपसी राजीखुशीका साथ हस्ताक्षर गरी एक/एक प्रति बुझी लियौं/दियौं ।

| **ट्रेकिङ एजेन्सीज एसोशिएसन अफ नेपाल** | **अखिल नेपाल पर्यटन मजदुर संघ** | **नेपाल ट्रेकिङ्ग, ट्राभल्स, राफ्टिङ्ग तथा एयरलाईन्स मजदुर संघ** |
|---|---|---|
| ................................... | ................................... | ................................... |
| १. श्री सिताराम सापकोटा, अध्यक्ष | १. गोविन्द पौडेल, अध्यक्ष | १. श्याम कु. राई, उपाध्यक्ष |
| ................................... | ................................... | ................................... |
| २. श्री राजेन्द्र बजगाईं, महासचिव | २. मुकुन्द पोखरेल, महासचिव | २. सुमन पराजुली, महासचिव |

**रोहवरका प्रतिनिधिहरु :-**

१. श्री बाबुराम भण्डारी, उपसचिव, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, पर्यटन उद्योग महाशाखा

२. श्री प्रज्ज्वल शर्मा अर्याल, उपसचिव, श्रम तथा यातायात मन्त्रालय

३. श्री काशीराम भण्डारी, निर्देशक, नेपाल पर्यटन बोर्ड

४. श्री हंशराम पाण्डेय, निर्देशक, उद्योग बाणिज्य महासंघ, नेपाल

५. श्री बच्चुनारायण श्रेष्ठ, प्रथम उपाध्यक्ष, टान

६. श्री मेहन्द्र सिं थापा, द्वितिय उपाध्यक्ष, टान

इति सम्वत २०६६ चैत्र १५ गते रोज १ शुभम् ।

ट्रेकिङ एजेन्सीज् एसोशिएसन अफ नेपाल (टान)

र

अखिल नेपाल पर्यटन मजदुर संघ र नेपाल ट्रेकिङ्ग, ट्राभल्स, राफ्टिङ्ग तथा एयरलाईन्स मजदुर संघ बीच भएको समझदारी अनुसार पदयात्रा पर्यटन ब्यवसायमा सम्लग्न कामदार तथा मजदुरहरूको तलब तथा ज्याला निम्न बमोजिम तय गरिएको हुँदा सोही अनुसार गर्न गराउन हुन अनुरोध गरिन्छ ।

| | सम्झौता मिति | | |
|---|---|---|---|
| | २०६४ असोज २७ गते | २०६६ असोज २५ गते<br>र<br>२०६६ चैत्र १४ गते | |
| टीहाउस तथा लज ट्रेकिङ्गको लागिः- | | | |
| **अन्नपूर्ण तथा लाङ्गटाङ्ग क्षेत्र** | | | |
| | पुरानो दर रू. | थप रू. | जम्मा |
| गाईड | ५५० | १५०+१०० | ८०० |
| सहायक गाईड | ५०० | १५०+१०० | ७५० |
| सहयोगी मजदुर | ४०० | १५०+१०० | ६५० |
| | | | |
| **सगरमाथा क्षेत्र** | | | |
| | पुरानो दर रू. | थप रू. | जम्मा |
| गाईड | ६५० | १५०+१०० | ९०० |
| सहायक गाईड | ५५० | १५०+१०० | ८०० |
| सहयोगी मजदुर | ५०० | १५०+१०० | ७५० |
| | | | |
| **क्याम्पिङ्ग ट्रेक** | | | |
| | पुरानो दर रू. | थप रू. | जम्मा |
| गाईड | ४०० | १००+१०० | ६०० |
| कूक | ३५० | १००+१०० | ५५० |
| भान्छा सहयोगी | ३०० | १००+१०० | ५०० |
| सहयोगी गाईड | ३०० | १००+१०० | ५०० |
| सहयोगी मजदुर | ४०० | १५०+१०० | ६५० |
| सहयोगी मजदुर<br>(डोल्पा, मकालु, कञ्जन्जङ्गा, सगरमाथा) | ५०० | १५०+१०० | ७५० |